# बालमैत्री आचार संहिता, २०७५

नगर कार्यपालिकाबाट पारित मितिः २०७५/०८/१०

प्रमाणित मितिः २०७५/०८/१७

## आठविसकोट नगरपालिकाको बालमैत्री आचार संहिता, २०७५

बालमैत्री स्थानीय शासन प्रवर्धन, घोषणा तथा निरन्तरताका लागि आठविसकोट नगर कार्यपालिकाको २०७५ कार्त्तिक १७ गतेको बैठकबाट तयार गरिएको

### बालमैत्री आचारसंहिता

| बालबालिकाले पालन गर्ने आचार संहिता | अभिभावकले पालन गर्ने आचार संहिता | विद्यालय/स्वास्थ्य/संघ संस्था व्यवसायीले पालन गर्ने आचार संहिता | स्थानीय तहले पालन गर्ने आचार संहिता |
|---|---|---|---|
| • विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जाने । | • विद्यालय उमेरका हाम्रा छोरा छोरीहरुलाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने । | • प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउने ।<br>•बिद्यालय निर्धारित समयसम्म संचालन गर्ने । | • वडालाई बालमैत्री घोषणा तथा निरन्तरताका लागि आवश्यक वजेटको व्यवस्था गर्ने ।<br>• विद्यालयको अवस्था अनुगमन गर्ने । |
| • विद्यालय हाताभित्र विद्यालयको नियमको पालना गर्दै उछृङखल व्यवहार नगरी अनुशासित बन्ने । | • विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने । | • विद्यालयमा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउने । | • विद्यालय व्यवस्थन समितिको बैठकमा उपस्थित हुने । |
| • स्थानीय स्तरमा स्थापित बाल समुहहरुमा सक्रिय सहभागीता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने । | • बालबालिकालाई अनुशासित र योग्य बनाउन बालसमुह तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्ने र उनीहरुलाई भेदभाव नगर्ने । | •बालबालिका तथा अभिभावकलाई बालसमुहको महत्वबारे सचेत गराउने । | • बालसमुह संजाल गठन संचालन, सहजीकरण, क्षमता बिकासका लागि अवसर दिने र बैठक गर्न सिकाउने । |

आठविसकोट नगरपालिका

| | | | |
|---|---|---|---|
| • विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने ।<br>• निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने । | •समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने । | • घर, परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने ।<br>• मार्ग निर्देशन बमोजिम बाल समुह संचालन गर्ने | • भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री अवधारणा अवलम्बन गर्ने । |
| • बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुर हुने छैनौं र अन्यत्र हुन लागेमा पनि रोक्ने । | • बालविवाह, बालयौन दुर्व्यवहार, बालश्रम जस्ता कार्य नगर्ने गर्न पनि नदिने तथा सो देखिएमा सम्बन्धित निकायमा सूचना दिने । | • बालबालिकाहरुमाथि हुने हिंसा, दुर्व्यवहार, र बालश्रम शोषण गर्नेलाई दण्डित गर्ने र रोक्न सचेतना फैलाउने । | • बालबालिका माथि हुने शोषण, हिंसा तथा दुर्व्यवहारको अनुगमन गरी निवारण गर्ने । |
| • बालबालिकाका आधारभूत आवश्यताहरु पोषिलो खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका विषयहरुबारे जानकारी राख्दै अरुलाई पनि सिकाउने । | • बालबालिकालाई बालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने । | • दण्ड रहित र बालमैत्री वातावरणमा पठनपाठन गर्दै, बालअधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकहरुलाई बालअधिकार सम्बन्धी सचेत गराउने । | • बालमैत्री विद्यालय घोषणाका लागि आवश्यक अनुगमन तथा वातावरण तयार गर्ने । |
| • भिन्न क्षमता भएका बालबालिकालाई सहयोग गर्ने ।<br>• आफुले सकेको काममा परिवारको सहयोग गर्ने ।<br>• बजारिया खाना भन्दा घरायसी खाना खाने ।<br>• बाल दुर्व्यवहार, विभेद, श्रम शोषण विरुद्ध आवाज उठाउने ।<br>•यातायातका साधनमा जथाभावी नभ्रुण्डिने, ट्राफिक नियमको पालना गर्ने । | • भिन्न क्षमता भएका बालबालिकाको आवश्यकताको पहिचान गरी सहयोग पुऱ्याउन पहल गर्ने तथा छोरा छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने । | • गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै प्रत्येक विद्यालय र संघ संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने । | • बालबालिकाद्धारा बालमैत्री योजना छनोट गरि कार्यान्वयनका लागि बजेट विनियोजन गर्ने । |
| • आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्नो अभिभावकलाई सोध्नेछौं । साथै आफुसंग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने । | • अभिभावक समक्ष निर्धक्कसंग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने । | • नगरपालिका क्षेत्रभित्रका बालबालिकालाई वडा भेला, योजना तर्जुमा समिति र सहभागीतात्मक योजना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको सक्रिय सहभागीताको सुनिश्चितता गर्ने । | • ऐन नियम रणनीतिले दिएको अधिकार प्रयोग गरि वडा लाई बालमैत्री घोषणा गर्ने । |
| • गाउँ घरमा हुन लागेको तथा भइरहेको वालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरु हुन नदिने सोको जानकारी सम्बन्धित संस्थालाई दिने । | • आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह नगर्ने र बालश्रममा पनि नलगाउने । | • बालश्रमको अवस्था रहन नदिनुका साथै बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहने । | • घोषित बालश्रम मुक्त वडा निरन्तरताका लागि सधै प्रयत्नरत रहने र बालविवाह हुन नदिनका लागि |

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

| | | | |
|---|---|---|---|
| | | | सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने । |
| • समय तालिका अनुसार पढ्ने, लेख्ने, सुत्ने, खेल्ने र सञ्चार माध्यमको उचित | • पढन्  लेख्न, खान, सुत्न, खेल्न र सञ्चार माध्यमको उचित प्रयोग गर्न | • समुदायमा बालस्वास्थ्य सम्बन्धी सचेतना जगाउनुको साथै व्यक्तिगत | • विषयगत सेवा प्रदायक निकायसँग निरन्तर वहस छलफल गरी |
| प्रयोग गर्ने । | समय तालिका बनाउने । नियमित स्वास्थ्य परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउने । | सरसफाई र पोषण सम्बन्धी जानकारी गराउने । | उचित सेवा प्रवाहको वातावरण निर्माण गर्ने । |
| • सुर्तीजन्य, मादक पदार्थको प्रयोग तथा खरिद विक्रि एवं दुर्व्यसनमा संलग्न नहुने । | • मादक पदार्थ तथा सुर्ती जन्य पदार्थको खरिद विक्रि एवं प्रयोगमा बालबालिकालाई संलग्न नगराउने र बालबालिका अगाडि प्रयोग नगर्ने | • धुम्रपान, मद्यपान, सुर्तीजन्य सामाग्रीहरु खरिद  विक्रि ओसार पसार गर्न बालबालिकालाई नलगाउने र अरुलाई पनि सचेत गराउने । | • कानूनी आधारमा कुलतको संगती न्यूनीकरणका लागि सम्बन्धीत निकायको सहयोग लिई कार्य गर्ने । |
| • बालअधिकारको हनन भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पुऱ्याउने । | • कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने । | • बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्ने ।<br>• निर्माण, यातायात, होटेल व्यवसायमा बालश्रम निषेध गर्ने । | • निरन्तर घरदैलो अनुगमन तथा उत्प्रेरणा जागरण गर्ने ।<br>• बालबालिकाहरुलाई युद्ध, नारा जुलुश, राजनैतिक कार्यक्रममा संलग्न नगराउने । |
| • अपरिचित व्यक्तिको ललाई फकाइ तथा प्रलोभनमा नफस्ने । | • अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने । | • बालबालिकाहरुको सान्दर्भिक सहभागिता गराउने ।<br>• बालबालिकाका लागि नियमित वजेट विनियोजन गर्ने ।<br>• बालसमुह संचालनमा सहजीकरण गर्ने । | • बालमैत्री सूचक प्राप्त भएका कागजात व्यवस्थापन गर्ने ।<br>• नगर तथा वडाहरुमा बालमैत्री शाखा स्थापना गर्ने । |
| • आफू आवद्ध रहेको वा आफूलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागी हुनेछौं र बाल समुह मार्फत बाल सहभागिता अभिबृद्धिमा पहल गर्ने । | • बालसमुह तथा बालबालिका आवद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागीताको लागि प्रेरित गर्ने । | • विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमुह तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई अर्थपूर्ण सहभागीता गराउनका लागि सहयोग गर्ने । | • अर्थपूर्ण बाल सहभागीताको लागि विषयगत सरोकारवालासँग निरन्तर समन्वय गर्ने । |

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

| | | | |
|---|---|---|---|
| • दिसा पिसावको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाइ गर्ने । | • सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गरिदिने । | • सुलभ तथा बालमैत्री शौचालय निर्माणका लागि सचेतना फैलाउने र सक्दो सहयोग गर्ने । | • शौचालयको प्रयोग, सरसफाई तथा खुला दिशामुक्त वडा निरन्तरताका लागि सचेत रहने । |
| • व्यक्तिगत सरसफाईमा ध्यान दिदै हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्ने । | • नियमित सरसफाई जस्तै नङ काटने, कपाल कोर्ने, काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, नुहाउने आदि कुराको ख्याल गर्ने । | • स्वच्छ पिउने पानीको व्यवस्था गर्नुको साथै सरसफाई सम्बन्धी सचेतना जगाउने । | • सबै घरधुरीमा पिउन योग्य पानीको व्यवस्थापन सुनिश्चित गर्ने ।<br>• बिद्यालयहरुका शौचालय बालमैत्री बनाउने |
| • पोषिलो खानेकुरा खाने, भाइवहिनी र साथीलाई पनि खानको लागि प्रेरित गनु ।<br>• ६ महिना सम्मको बालबालिकालाई आमाको दुध मात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउने । | • समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने क्रममा षोषण युक्त खाने कुरा र जन्मान्तरको व्यवस्था गर्ने । | • पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने । | • पोषिलो खाना तथा स्थानीय रुपमा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप, धारणाको प्रवाह गर्ने |
| • आवश्यक परेको खण्डमा सुरक्षित हुदै घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर निस्कने । | • आवश्यक परेको सन्दर्भमा बालबालिकाको उपस्थितीको आवश्यकतालाई मध्यनजर गरी सम्बन्धीत क्षेत्रमा अर्थपूर्ण सहभागीता गराउने | • घरबाट बाहिर निस्किदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउने । | • समुदायमा आधारित बाल संरक्षणमा काम गरिरहेका समुह संगठनसँग निरन्तर समन्वय गर्ने । |
| • विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियानहरुमा बालसमुह मार्फत सक्दो जनचेतना र सहयोग गर्ने । | • बालबालिकालाई समयमा विद्यालय भर्ना गर्ने, खोप लगाउने कार्य गर्नुका साथै वालवालिकाको सरसफाईमा ध्यान दिने । | • जन्म दर्ता अभियान, विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियानहरु सञ्चालन गर्ने । | • घटना दर्ता तथा अन्य अभियान जस्ता कार्यक्रमको आयोजना तथा तथ्याङ्क अध्यावधिक गर्ने । |
| • साना भाईबैनीलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकलाई प्रेरित गर्ने । | • साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्ने । | • बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।<br>• कमजोर विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा संचालन गर्ने । | • बाल विकास केन्द्रको अवस्था निरन्तर अनुगमन गर्ने ।<br>• बाल विकास केन्द्रको उचित व्यवस्थापन गर्ने । |
| • बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा बाल समुहका सदस्यहरु परिचालन गर्ने । | • बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, घोषणा तथा निरन्तरता गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवद्धताका साथ लाग्ने । | • बालमैत्री लगानी योजना तर्जुमा र कार्यान्वयन गरि बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पूर्ण रुपमा समर्पित हुने । | • बाल सहभागितामा बालमैत्री योजना छनौट गर्ने । आवधिक लगानी |

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

| | | | |
|---|---|---|---|
| | | | योजना निर्माण गरी कार्यान्वयन गर्ने । • बालमैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने । |
| •आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने । | • बालबालिकालाई घरायसी आदर सम्मान सम्बन्धी बानीको विकास गराउने । | • घरपरिवरमा आदर सम्मान गर्नेबारे बालबालिकालाई क्षमता विकास गर्ने । | • समाजमा सामाजिक संस्कार स्थापनाका लागि कार्यक्रम गर्ने । • बालमैत्री कानुन कार्यान्वयन गर्ने । |
| • बालबालिकाका योजना कार्यान्वयन भए नभएको अनुगमन गर्ने । | • आफ्ना छोराछोरीलाई कम्तिमा ६ महिनासम्म पूर्ण स्तनपान गराउने । | • बालमैत्रीमा आधारित अतिरिक्त क्रियाकलाप गरी बालबालिकालाई समावेश गर्ने । | • जेहेन्दार, उत्कृष्ट बालबालिकाको सम्मानका लागि कार्यक्रमको निर्माण गर्ने । |

नोट : बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ बमोजिम मिति २०७५।०७।१७ गते यस आठविसकोटनगरपालिकाका हामी विभिन्न सरोरवालाहरुको सहभागितामा बालमैत्री स्थानीय शासन  कार्यान्वयन कार्यविधि-२०६८ ले निर्धारण गरेको न्युनतम सूचक प्राप्तिका लागि बालमैत्री आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

**प्रमाणित गर्ने अधिकारीको:**

दस्तखत:

नाम,थर: रामबहादुर के.सी.

पद: नि.प्रमुख प्रशासकीय अधिकृत

कार्यालय: आठविसकोट नगरपालिकाको कार्यालय

मिति : २०७५/०८/१७ गते

आठबिसकोट नगरपालिका रुकुम पश्चिम